राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १२७ २०८२ मंसिर २२ गते सोमवार (08 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशका मुख्यन्यायाधिवक्ता महतो पदमुक्त

दैनिक समाचारदाता
जनकपुरधाम २१ मंसिर । मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतो पदमुक्त भएका छन् ।
नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले आइतबार महतोलाई पदमुक्त गरेका हुन् ।
महतोलाई तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहको सिफारिसमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ०८१ जेठ ३१ गते मुख्य न्यायाधिवक्ता नियुक्त गरेकी थिइन् ।

### मधेश सरकारको पहिलो बैठक:

## सरुवादेखि जिम्मेवारीसमेत सबै निर्णय बदर




दैनिक समाचारदाता
जनकपुरधाम २१ मंसिर । मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्ण प्रसाद यादव सहित मन्त्रीहरुमा जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव, नेपाली कांग्रेसका जंगीलाल राय र नेकपा एसका कनिश पटेलले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनीहरुलाई प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले सपथग्रहण गराएका छन् ।

यता सपथग्रहणपछि मन्त्रिपरिषद्को पहिलो बैठकले अघिल्लो सरकारले गरेका निर्णयहरू बदर गरेको छ।

नवगठित मन्त्रिपरिषद्को आइतबार बसेको पहिलो बैठकले निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारले गरेका निर्णयहरू बदर गरेको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी पत्रअनुसार यसअघिका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारले कात्तिक २३ गतेदेखि मंसिर १७ गतेसम्म गरेका सम्पूर्ण सरुवा, काज, जिम्मेवारी हेरफेर र थप जिम्मेवारी तोक्नेलगायतका निर्णयहरू बदर गरिएको छ।

यसका साथै मन्त्रिपरिषद् बैठकले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेलाई अर्को व्यवस्था नभएसम्मका लागि साविकको जिम्मेवारीका अतिरिक्त मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रशासनिक तथा आर्थिक अधिकारसहित निमित्त प्रमुख सचिवको जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ।

प्रदेश सरकारबाट क्यान्सर, मिर्गौला, मुटु रोगलगायतका बिरामीहरूलाई प्रदान गरिँदै आएको औषधोपचार आर्थिक सहायता वितरण कार्यलाई निरन्तरता दिई तत्काल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गर्ने र यसका लागि चालु आर्थिक वर्षमा विनियोजित रकम अपुग हुन गएमा आवश्यक पर्ने थप बजेट तथा स्रोतको व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने निर्णय बैठकले गरेको छ। त्यस्तै मधेश प्रदेश बाढी, डुबान, आगलागीलगायतका विपद्को उच्च जोखिममा रहेको र हाल शीतलहरको मौसमसमेत सुरू हुन लागेको सन्दर्भमा सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न विपद् पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई थप चुस्त र प्रभावकारी बनाउन सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय एवं सहजीकरणको कार्य गृह, सञ्चार तथा कानुन मन्त्रालयले अगाडि बढाउने निर्णय बैठकले गरेको छ।

## जसपा नेपालद्वारा ३५ सूत्रीय माँग राख्दै जिप्रका अगाडि धर्ना




दैनिक समाचारदाता
महोत्तरी, २१ मंसिर । समान जनसख्याको आधारमा संसदीय( प्रादेशिक निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग लगायत विभिन्न ३५ सुत्रिय माग राख्दै जनता समाजवादी पार्टी नेपाल महोत्तरीले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन् ।

आइतबार दिउँसो साढे १२ बजेदेखि तीन बजे सम्म जसपा नेपाल महोत्तरी समितिको अगुवाईमा जसपा समर्थिक नेता कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालयको मुलगेट अगाडी धर्नामा बसेको जसपा नेपाल महोत्तरीका अध्यक्ष रामनरेश रायले बताउनुभयो ।

अध्यक्ष रायका अनुसार यसअघि शुक्रबार पनि यसैगरी आफ्ना माग उल्लेखित ब्यानर, पम्पलेट र प्लेकार्ड बोकेर जसपा नेपाल समर्थिक नेता कार्यकर्ताहरू जिल्ला प्रशासन कार्यालय महोत्तरी अगाडि धर्ना दिएका थिए ।

भौगोलिक रूपमा अत्यन्त विकट रहेको हिमाली क्षेत्रको न्यायोचित प्रतिनिधीत्व सुनिश्चित गर्नु पर्ने, समान जनसङ्ख्याका आधारमा ससदीय प्रादेशिक निर्वाचन क्षेत्र पुननिर्धारण गर्नु पर्ने , प्रदेशमा स्वशासन र सङ्घमा साझेदारी प्रणालीको व्यवस्था गर्नु पर्ने, संविधान संशोधन अथवा पुनरावलोकन गरी राष्ट्रिय(जातीय पहिचानको आधारमा गर्नु पर्ने र राज्य पुनसंरचना उच्च स्तरीय आयोगको सुझाव प्रतिवेदन २०६८ को आधारमा (१०+१) हुने गरी राज्यको पुर्नसंरचना गर्नु पर्ने माग हाम्रो पार्टीको रहेको जसपा महोत्तरी जिल्ला अध्यक्ष रायले उल्लेख गर्नुभयो ।

यसैगरी दलित र महिलाहरूको छुटै आरक्षित ससदीय(प्रादेशिक निर्वाचन क्षेत्रको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु, जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीको व्यवस्था, समानुपातिक समावेशी प्रतिनिधीत्व हुने संसदको व्यवस्था, राष्ट्रिय सभालाई प्रादेशिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी हुने गरी बनाउनु पर्ने माग रहेको उहाँले उल्लेख गर्नुभयो ।

यसैगरी स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारको व्यवस्था, स्थानीय तहको निर्वाचन गैर(दलिय आधार चयन, राज्यद्वारा सेवासुविधा, अवसर, साधन स्रोत, सत्ता र शक्तिको पहुँचमा समानुपातिक प्रतिनिधीत्व र सामाजिक न्यायको व्यवस्था, जेनजी (युवा पुस्ता) आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरूको सम्बोधन, जेनजी विद्रोहलाई दबाउन सरकारले गरेको दमनका कारण हिंसा, हत्या, आगजानी जस्ता क्रियाकलापको छानबिन गरी कानुन बमोजिम कारबाही, अल्पसङ्ख्यक समुदायका लागि स्वायत क्षेत्र, संरक्षित र

*बाँकी पृष्ठ ३मा*

## एम्बुलेन्सबाट ५१ केजी गाँजा बरामद




दैनिक समाचारदाता
सर्लाही, २१ मंसिर । सर्लाहीको हरिवनमा एम्बुलेन्सबाट प्रहरीले लागु औषध गाँजा बरामद गरेको छ । हरिवन नगरपालिका-५, घुर्कौलीस्थित हिरालाल टोलमा नेपाल रेडक्रस सोसाइटी रामनगर बहुअर्बाको नाममा रहेको ज. १ च. १५५८ नम्बरको एम्बुलेन्सबाट लागु औषध गाँजा बरामद भएको हो ।
एम्बुलेन्समा राखेर गाँजा ओसारपसार भइरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय हरिवनबाट प्रहरी परिचालन भएको थियो । एम्बुलेन्सलाई पछ्याउँदै जाँदा पछाडिपट्टीको भागमा बोराभित्र लुकाइ राखिएको ५१ किलो ५०० ग्राम लागु औषध गाँजा बरामद भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले जानकारी दिनुभयो ।
प्रहरीले एम्बुलेन्स चालक रौतहटको यमुनामाई गाउँपालिका-४, सरुअठा बस्ने ३७ वर्षीय सुरेन्द्र राय यादवलाई नियन्त्रण लिएको छ । शनिबार राति बरामद भएको गाँजा, एम्बुलेन्स र त्यसका चालकलाई इलाका प्रहरी कार्यालय हरिवनमा ल्याइ थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो ।
सर्लाहीमा यसअघि इलाका प्रहरी कार्यालय लालबन्दीले शुक्रबार साँझ लालबन्दी नगरपालिका-११, हीरापुरबाट ५२ केजी गाँजासहित एउटा पिकअप भ्यान र एक जनालाई पक्राउ गरेको थियो ।

## प्रतिनिधि सभा पुनःस्थापन माँग गर्दै काँग्रेस सर्वोच्चमा



दैनिक समाचारदाता
काठमाडौं, २१ मंसिर । नेपाली कांग्रेसले प्रतिनिधि सभा पुनःस्थापनाको मागलाई लिएर सर्वोच्च अदालत पुगेको छ ।
विघटित प्रतिनिधि सभामा कांग्रेसका प्रमुख सचेतक रहेका श्याम घिमिरेले वारेसमार्फत रिट सर्वोच्चमा पठाएको जानकारी दिएका छन् ।
'सांसदहरूको स्वायत्तता हो । न्यायिक दृष्टिकोणले पनि हामीमाथि अन्याय परेको छ र अदालत जाने हाम्रो स्वतन्त्रता हो,' गृहजिल्ला सिन्धुलीमा रहेका घिमिरेले भने । कांग्रेस सांसदहरूको हस्ताक्षर संकलनमा घिमिरेले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । सांसदहरूको हस्ताक्षरसहित वारेसका रूपमा पूर्व महान्यायाधिवक्ता खम्मबहादुर खातीले रिट पेश गरेका हुन् । खाती कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छँदा महान्यायाधिवक्ता थिए ।
केन्द्रीय समिति बैठकले नै संसद् विघटन असंवैधानिक भएको निष्कर्ष निकालेको भन्दै उनले सर्वोच्चले न्यायिक निरुपण गर्ने विश्वास व्यक्त गरे ।
सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले पनि रिट पेश भएको पुष्टि गरे ।
'रिट आएको छ, हामी अध्ययनका क्रममा छौं,' प्रवक्ता कोइरालाले भने । यस अघि नेकपा एमालेले प्रतिनिधिसभा पुनःस्थापनाको माँग गर्दै आईरहेका छन् । प्रतिनिधिसभालाई पुनःस्थापना गरी संविधान संशोधन गरी निर्वाचनमा जानुपर्ने एमालेले अडान राख्दै आएका छन् । यो भन्दा अघि काँग्रेसले प्रतिनिधिसभा पुनःस्थापनाको माँग गर्दै सर्वोच्चमा रिट दायर गरिसकेको जनाइएको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com, मो.नं.: ९८५४०२०९२२



## सम्पादकीय

# मधेशबाट सुरु भएको नयाँ राजनीतिक संकेत

मधेश प्रदेशमा हाल देखिएको सत्ता परिवर्तनलाई नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूले केवल स्थानीय घटना होइन, राष्ट्रिय रूपान्तरणको प्रस्थानबिन्दुका रूपमा प्रस्तुत गरेका छन्। जनकपुरधाममा सम्पन्न एकता सन्देशसभामा प्रस्तुत तर्कहरूले देशको आगामी सत्ता-संरचनालाई निर्देशित गर्ने नयाँ राजनीतिक सम्भावनाको संकेत दिएका छन्। तर यी दाबीहरू व्यवहारगत सम्भाव्यता, राजनीतिक स्थायित्व र जनअपेक्षासँग कत्तिको मेल खानेछन् भन्ने प्रश्न अझै अनुत्तरित छ।

मधेशमा बनेको त्रिपक्षीय सत्ता संयोजन–कम्युनिस्ट, मधेशवादी शक्ति र नेपाली कांग्रेसको सहकार्य–निश्चित रूपमा परम्परागत सत्ता समीकरणको विघटन हो। प्रचण्डले यसलाई "देशव्यापी नयाँ समीकरणको सुरुवात" का रूपमा व्याख्या गरे। तर प्रदेश राजनीतिमा बनेका अस्थायी सहकार्यहरू राष्ट्रिय राजनीति रूपान्तरण गर्ने शक्ति बन्छन् कि बन्न सक्दैनन् भन्ने कुरा स्थानीय स्थिरता, आपसी विश्वास र साझेदारीको लक्ष्यमा निर्भर हुन्छ। मधेशले संकेत त दिएको छ, तर संकेत मात्रले देश बदलिँदैन–नीति, कार्यान्वयन र जवाफदेहिता बिना रूपान्तरण अधुरै रहन्छ।

जेन-जेड आन्दोलनलाई देशको राजनीतिक स्वभाव परिवर्तन गर्ने ऐतिहासिक मोडका रूपमा प्रस्तुत गरिएको छ। वास्तवमा, युवाहरूको असन्तोष, बेरोजगारी, भ्रष्टाचार र असमानताको पीडाबाट जन्मिएको यो आन्दोलनले पुराना दलहरूलाई चुनौती दिएको छ। तर यसको समाधान भाषण-प्रतिज्ञाबाट होइन, ठोस सुधारात्मक कदमबाट मात्र सम्भव छ। भ्रष्टाचार "शिरदेखि तीरसम्म" व्याप्त रहेको भनी गरिएको टिप्पणी सुनाउन सजिलो छ, तर यसलाई अन्त्य गर्ने राजनीतिक इच्छाशक्ति देखाउन कठिन। यदि एमालेदेखि माओवादी हुँदै अन्य कम्युनिस्ट एकीकृत संरचना बनाउने दावी वास्तविक हो भने, त्यसभित्र पारदर्शिता र आन्तरिक लोकतन्त्र कत्तिको सुनिश्चित हुन्छ–यही नै मुख्य प्रश्न हो।

माधवकुमार नेपालले प्रस्तुत गरेको समाजवादी मोडेल र 'नयाँ क्रान्ति' को परिकल्पना पनि मधेशको विकास समस्यासँग गाँसिएको छ। कृषि र उद्योगका आधारमा मधेशको विकास सम्भव छ भन्ने तर्क यथार्थपरक हो। तर यसका लागि स्थिर नीतिगत निरन्तरता, निजी क्षेत्रसँगको विश्वास, र राज्य संयन्त्रको सफाइ अनिवार्य हुन्छ। शक्तिशाली कम्युनिस्ट पार्टी बनेर मात्र युवाहरू स्वदेश फर्कन्छन् भन्ने तर्क व्यवहारगत होइन–रोजगारी र अवसर सृजना नै यसको पहिलो शर्त हो।

सत्ता समीकरण बदलिएर नयाँ आशा देखिन सक्छ। तर परिवर्तनको मूल आधार नेतृत्वको वक्तृत्व होइन, शासनशैलीको रूपान्तरण हो। मधेशमा सुरु भएको यो प्रयोग यदि पारदर्शिता, विकासगत परिणाम र जवाफदेहितामा परिणत हुन सक्यो भने, निश्चय नै यसले राष्ट्रिय राजनीतिक नक्सामा दीर्घकालीन प्रभाव पार्नेछ। अन्यथा, यो पनि विगतका धेरै क्षणिक 'राजनीतिक समीकरण' जस्तै सीमित समयमै विघटित हुने अर्को उदाहरण बन्न सक्छ।

देशले अहिले अपेक्षा गरेको परिवर्तन शब्दमा होइन, कार्यमा देखिनुपर्छ। मधेशबाट सुरु भएको संकेतले यही चुनौती राजनीतिक दलहरूलाई स्मरण गराएको छ।

# अप्ठेरोमा देश : पार लगाउने जिम्मा नयाँ दलको



भूमिनन्द बराल

देशको अवस्था ठिक छैन । नेपालको राजनीति इतिहासकै सबै भन्दा संवेदनशील मोडमा उभिएको छ ।

व्यवस्था परिवर्तन भएको डेढ दशक बितिसक्दा पनि नागरिकको जीवनस्तरमा तात्त्विक परिवर्तन अनुभव भएन । राजनीतिक दलहरू सत्ताको लुछाचुँडीमा मात्र केन्द्रित भए ।

एकपछि अर्को गर्दै भ्रष्टाचारका ठुला काण्डहरू सार्वजनिक हुँदैछन् । समग्रमा देश नै डरलाग्दो 'अधोगति' तर्फ गएको भान हुँदैछ । आजको राजनीतिलाई नियाल्न आलेखमा निम्न आँखीझ्याल प्रयोग गरिएको छ ।

*राजनीतिक ध्रुवीकरणको नयाँ स्वरूप*

राजनीति विभिन्न स्वरूपको ध्रुवीकरणमा छ । विगतमा कांग्रेस र कम्युनिस्टबिच हुने यस्ता ध्रुवीकरण सैद्धान्तिक आधारमा हुन्थे । तर अहिले सैद्धान्तिक आधार खिइएर 'सत्ता स्वार्थको ध्रुवीकरण' मा सीमित भएको छ । आजको ध्रुवीकरणलाई बुझ्न पुरानो तरिका पर्याप्त छैन । आउनुस् देशमा हुँदै गरेको ध्रुवीकरणका मुख्य आयामहरूबारे चर्चा गरौँ ।

*पुराना दलविरुद्ध नयाँ शक्तिको ध्रुवीकरण:*

समाज स्पष्ट दुई कित्तामा उभिएको छ । एकातिर कांग्रेस, एमाले, माओवादीलगायत दशकौंदेखि सत्तामा रहेका स्थापित दलहरू छन् भने अर्कोतिर रवि लामिछाने नेतृत्वको रास्वपा, उज्यालो नेपाल, बालेन शाह जस्ता व्यक्तिहरू तथा 'नो नट अगेन' भन्ने शक्ति छ ।

आपसमा एक ठाउँमा भएर उभिँदै गर्दा यस्तो ध्रुवीकरण एजेन्डामा भन्दा पनि 'अस्तित्व' को लडाइँमा बढी केन्द्रित देखिन्छ । पुराना दललाई आफ्नो स्थापित शक्ति र अस्तित्व रक्षा गर्नुछ । नयाँ शक्तिलाई आफ्नो सम्मानजनक स्थान सुरक्षित गर्नुछ । सबै 'डु एन्ड डाई' को अवस्थामा छन् । यस्तो अस्तित्वको लडाइँमा मुलुकको एजेण्डा कतै छायामा त पर्दैन भन्ने आशंका गर्ने ठाउँ धेरै छ ।

*व्यवस्था विरोधी ध्रुवीकरण:*

गणतन्त्र र सङ्घीयता कार्यान्वयनमा देखिएका कमजोरीहरूको जगमा 'राजावादी' वा व्यवस्था विरोधी स्वरहरू एक ठाउँमा ध्रुवीकृत हुँदैछन । सडकमा देखिने प्रदर्शनहरूले वर्तमान संविधानमाथि नै प्रश्न चिन्ह खडा गरिदिएका छन् ।

व्यवस्था तथा त्यसको आधारका रूपमा रहेको संविधानमाथि प्रश्न चिन्ह खडा गरेर देखा परेको आवाजले राजनीतिको दिशा बदल्ने प्रयास गरिरहेकै छ । यस्तो ध्रुवीकरण बढ्दै जाँदा देश झनै जोखिममा पर्दै जान्छ ।

*अस्थिर गठबन्धन:*

देशमा पुनः कुनै पनि दलको स्पष्ट बहुमत नआउने निर्वाचन प्रणालीको मारमा पर्दैछ । झिनो स्वार्थमा देशको फेरो घुम्दैछ । हिजोका दिनमा नेताहरूको पदलोलुपताले गर्दा हरेक ६ महिना वा एक वर्षमा सरकार परिवर्तन हुनु सामान्य बनेको थियो ।

अबका दिनमा पनि त्यस्तै अवस्था दोहोरिने हो कि भन्ने चिन्ता छ । एमाले-कांग्रेसको सहकार्य होस् वा वाम एकता, यी सबै जनताका लागि नभई केवल 'शक्ति बाँडफाँट' का लागि मात्र भएको बुझाइ आम नागरिकमा छ । साथै नयाँ दलमा देखिन थालेको यस्तै पद लोलुपता र आत्मकेन्द्रित चिन्तनले देशलाई गम्भीर सङ्कटमा लैजाने हो कि भन्ने चिन्ता पनि छ ।

*भविष्यको मार्गचित्र*

राजनीतिक एवं आर्थिक वृत्तका सन्देशहरू आशाप्रद छैनन् । चौतर्फी व्याप्त निराशा तथा यस्तै राजनीतिक संस्कार कायम रहने हो भने नेपालले निकट भविष्यमा थप गम्भीर सङ्कटको सामना गर्नुपर्ने देखिन्छ । विभिन्न क्षेत्रका सूचक तथा पछिल्ला अनुभवहरू हेर्ने हो भने मुलुकको निराशाजनक तस्बिर प्रस्टै देख्न सकिन्छ ।

देशको अर्थतन्त्र विप्रेषणको भरमा मात्र टिकेको छ । युवा पलायनले गर्दा आन्तरिक उत्पादन शून्य प्रायः छ । विश्व बजारमा मन्दी वा कुनै कारणवश वैदेशिक रोजगारीमा सङ्कट देखियो भने नेपालको अर्थतन्त्र तासको घर जस्तै ढल्ने निश्चित छ । त्यसले हाम्रो अर्थतन्त्रमा रहेको परनिर्भरताको विस्फोट गराउनेछ ।

गाउँमा युवा जनशक्ति छैनन् । भविष्यमा नेपाल 'वृद्ध-वृद्धाहरूको देश' बन्ने तथा सामाजिक सुरक्षा प्रणाली नै धान्न नसक्ने स्थितिमा पुग्ने जोखिम बढेको छ । यो दशा देख्न धेरै वर्ष नलाग्न सक्छ । जनसांख्यिकीय असन्तुलनले सामाजिक, राजनीतिक एवं आर्थिक क्षेत्रमा दुर्घटना निम्त्याउने जोखिम छ । यसैबिच न्यायालय, अख्तियार, प्रहरी प्रशासन र विश्वविद्यालयले पनि राम्रो काम गरेर देखाउन सकेका छैनन् । कारण हो- संस्थाहरूमा गरिने चरम राजनीतिकरण ।

संस्थाहरू असफल हुनु भनेको राष्ट्र असफल बन्न हो । त्यसैले हामीले त्यसतर्फ गम्भीरतापूर्वक ध्यान दिनु पर्नेछ ।

*नागरिक निराशाका कारणहरू*

अहिलेको अवस्था कस्तो छ भने देशमा व्याप्त निराशा विभिन्न कोणबाट अभिव्यक्त हुँदै गइरहेको छ । निराशा निराधार पनि छैनन् । युवा पुस्तामा देखिएको चरम निराशाका पछाडि ठोस कारणहरू छन् । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा काण्ड, सुन तस्करी र सहकारी ठगीजस्ता ठुला काण्डहरूमा अगुवा नेताहरूकै नाम मुछिएको छ ।

कोही कानुनी दायराबाट उम्किने कोही त्यही कानुनको फन्दामा पर्ने हुँदा विधिको शासनमाथि विश्वास गुमेको छ । त्यसैले 'यहाँ बसेर काम छैन' भन्ने भाष्य आम बन्न पुगेका छ । यहाँसम्म कि विद्यार्थीहरू कक्षा १२ को परीक्षा दिनासाथ विदेश जान खुट्टा उचाल्न थालेका छन् ।

यस्तो चिन्तन संस्थागत हुँदै जाँदै यसले समाजको ठुलो तप्कालाई प्रभावित पारिरहेको छ । तर, यति हुँदा पनि देशको नेतृत्वले त्यसबाट शिक्षा लिएको देखिँदैन । नागरिकको दुःखमा नेतृत्वको यो हदसम्मको असंवेदनशीलताले नै आम मानिसमा आक्रोश थपिरहेको छ ।

*अन्त्यमा*

आज देश आन्दोलन र विध्वंसको साक्षी भएर नयाँ परिस्थितिका अघिल्तिर उभिएको छ । एक प्रकारले भन्दा नेपाल अहिले 'कोर्स करेक्सन' को चौबाटोमा उभिएको छ । त्यसैले यतिबेला उदाएका नयाँ शक्तिकै काँधमा ठुलो जिम्मेवारी आई पुगेको छ ।

जसले त्याग र सेवा गर्न सक्छ अबको नायक उही हो । यसका लागि नयाँ र वैकल्पिक भनिएका बालेन, रवि, कुलमान र हर्क लगायतले जिम्मेवार भएर सोच्ने समय आएको छ । आशा गरिएका नयाँ र वैकल्पिकले समयमै कुरा बुझेनन् भने आम मानिसले उनीहरूलाई पनि सधैँ सराहना गरिरहने छैनन् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘महिलामा हिंसाको स्वरूप बदलिएको छ, कम भएको छैन’



काठमाडौं । प्रविधिलाई हिंसाको हतियार बन्न दिन नहुने सर्वोच्च अदालतकी न्यायाधीश सपना मल्ल प्रधानले बताएकी छन् । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी), नेपाल ल क्याम्पस र नेपाल पर्यटन बोर्डले आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै उनले यस्तो बताएकी हुन् ।

महिला हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा न्यायाधीश प्रधानले समाजमा परम्परागत हिंसा कायमै रहेको बताइन् । लघुताभाष र पितृसत्तात्मक सोचले समाजमा हिंसा कायमै रहेको बताइन् ।

हिंसा कायमै रहेको बताइन् । अहिले नेपाली समाजमा हिंसा न्यूनीकरण भएको छैन, हिंसाको स्वरुप परिवर्तन भएर विद्यमान रहिरहेको छ, उनले भनिन्, ‘अदृश्य शक्तिले समाजको आवाजलाई बाहिर आउन दिएको छैन, महिलामाथिको अन्याय निरन्तर छ, यसलाई न्यूनीकरण गर्नका लागि अन्तरस्थितिसँग जोडिदै जानुपर्छ ।’

न्याय सम्पादनको क्रममा आफ्नो अनुभव सुनाउँदै न्यायाधीश प्रधानले घरेलु हिंसामा ९९ प्रतिशत महिला पीडित भएको मुद्दा आउने गरेको जानकारी दिइन् । समाजमा पुरुष पनि पीडित हुने गरेको तर उनीहरूको संख्या एक प्रतिशतभन्दा बढी नभएको उनले जानकारी दिइन् ।

महिलाविरुद्ध हुने हिंसा घर, सार्वजनिक स्थल, कार्यस्थललगायत सबै ठाउँमा हुने गरेको उनले बताइन् । वैवाहिक हिंसा एउटा उदाहरण भएको प्रस्तुत गर्दै उनले भनिन्, ‘यौन हिंसा मात्र होइन, अधिकार पनि हो । यौनलाई अधिकारको रुपमा प्रयोग गर्न पुरुषप्रधान समाजको मनस्थिति पहिला परिवर्तन हुनुपर्छ ।’

महिला हिंसा विरुद्ध पुरुषको पनि साथ लिएर अघि बढ्दा समाजमा छिटो र प्रभावकारी परिवर्तन आउने उनले बताइन् । ‘महिला र पुरुषले सँगै उडान भर्ने हो भने र महिला हिंसाविरुद्ध संस्थागत प्रतिबद्धता जनाउने हो भने समाजमा व्याप्त हिंसालाई न्यूनिकरण गर्न सकिन्छ’ मल्लले भनिन् ।

कार्यक्रममा नेपाल ल क्याम्पसकी प्राध्यापक मनिषा पौडेलले महिला हिंसाविरुद्धको १६ दिने अभियान क्याम्पसले विगत ४ वर्षदेखि सञ्चालन गरिरहेको जानकारी दिइन् । यस वर्ष भने फरक तरिकाबाट अभियान सञ्चालन गर्न नेपाल पर्यटन बोर्ड र एफडब्लुएलडीले साथ र सहयोग गरेको उनले बताइन् ।

यस्ता कार्यक्रमले विद्यार्थीले आर्जन गरेको ज्ञान, सिप र अनुभवको परीक्षा हुने भएकाले महिला हिंसाविरुद्धको अभियान यो वर्ष नयाँ ढंगले सञ्चालन गरेको प्राध्यापक पौडेलको भनाइ छ ।

भाष्कर तेजश्री मेमोरियल फाउनडेसनले महिला हिंसा र बालबालिकामा हुने गरेको हिंसाका बारेमा अध्ययन र अनुसन्धान गरिरहेको डा. रिता थापाले जानकारी दिइन् । उनले स्कुलमा बालबालिकामा ६६ प्रतिशत र २२ प्रतिशत शिक्षकबाट हिंसा हुने गरेको तथ्यांक प्रस्तुत गरिन् । लुम्बिनी प्रदेशमा गरिएको एउटा अध्ययनको तथ्यांक थापाले प्रस्तुत गरिन् । जसमा ७४ प्रतिशत महिलामा यौन दुर्व्यवहार हुने गरेको त्यसमध्ये पनि १० वर्षमुनिका ३१ प्रतिशत बालबालिकामा यौन हिंसा हुने गरेको देखिएको छ ।


कार्यक्रममा नेपाल ल क्याम्पसका विद्यार्थीले हिंसालाई शून्यमा झार्न सहयात्रा सुरु गरौं नाटक प्रस्तुत गरेका थिए भने महिला हिंसा विरुद्ध बनाइएका विभिन्न कला प्रदर्शनी पनि गरिएको थियो । कार्यक्रमको अन्त्यमा हिंसाविरुद्ध प्यानल डिस्कसन भएको थियो ।

छलफलमा महिला आयोगकी विद्याकुमार सिन्हा, मानवअधिकारवादी रेणु राज भण्डारी र एफडब्लुएलडीका अधिवक्ता सुष्मा गौतम सहभागी थिए ।

# गुठीका जग्गा कव्जा गर्ने मधेशको मन्त्री

दैनिक समाचारदाता

जनकपुरधाम, २१ मंसिर । जनकपुरधाम उप-



महानगरपालिका वडा नम्बर १४ मा गुठीका जग्गा कव्जा गर्नेलाई मधेश प्रदेश सरकारको मन्त्री बनाइएको छ । जनकपुरधाम-१४ मुजेलियामा गुठीको जग्गा कव्जा गर्ने नेपाली कांग्रेसका मधेश प्रदेश सभासद जंगिलाल यादवलाई विस्तार भएको मधेश प्रदेश सरकारमा विना विभागिय मन्त्री बनाइएको छ ।

जनकपुरको मुजेलिया वडा प्रहरी कार्यालय नजिक गुठीको ६ कठा ५ धुर ३ कनमा जग्गा धमाधम माटोले पुरेर सांसद यादवले स्थायी संरचना बनाएका छन् ।

माटो भरेर सम्याउन थालेपछि ठूलै चर्चा भएको करोडौं मूल्य पर्ने उक्त जग्गा सांसद यादवले कौडीको भाउमा जनकपुरधाम-८ स्थित विजय राघव कुन्जका पुजारी रामसागर दाससँग करारनामा गरी लिएको छ ।

जनकपुरको वडा नम्बर १४ स्थित सिट नम्बर १२७५-२४ को कित्ता नम्बर ३० को ६ कट्ठा ५ धुर ३ कनमा जग्गामध्ये पुजारी दासबाट सांसद यादवले वार्षिक ४० किलो धान मनखपमा ४ कट्ठा एक धुर जग्गा किनेका थिए । पुजारीले बाँकी डेढ कट्ठा भने ज्ञानकुमार यादवलाई बेचेका थिए । उक्त जग्गा पुजारी दासले वार्षिक ४० किलो धान मनखपमा यादवलाई बेचेको करारनामा उल्लेख छ ।

सर्लाही क्षेत्र नं. २ (क) बाट प्रदेश सभा सदस्य जितेका यादवका छोरा अमितकुमार यादवको नाममा उक्त जग्गा १६ फागुन २०६८ को मितिमा करारनामा गरिएको थियो । सर्लाही क्षेत्र नम्बर २ (क) मा नेपाली कांग्रेसका तर्फबाट प्रदेश सभा सदस्य जितेका जंगीलालका छोरा अमितकुमार यादवको नाममा उक्त जग्गा २०६८ फागुन १६ फागुनमा करारनामा गरिएको पाइन्छ ।

पुजारी दासले आफ्नो मृत्युपछि उत्तराधिकारी चेलासमेतले उक्त जग्गामा कुनै किसिमको बाधा/विरोध गरे यसै कागजातले बदर गर्न/गराउनसमेत सहीछाप गरिदिएका छन् । स्थानीयका अनुसार यहाँको जग्गाको प्रतिकट्ठाको कम्तीमा दुई करोड रुपैयाँ मूल्य पर्छ ।

# जेनजी आन्दोलनका घटना प्राथमिकताका साथ छानबिन हुँदैछन् : प्रधानमन्त्री कार्की

दैनिक समाचारदाता

काठमाडौं, २१ मंसिर । प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनका घटनालाई सरकारले प्राथमिकताका साथ छानबिन गरिरहेको बताएकी छन् ।

आइतबार सिंहदबारमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँगको भेटमा प्रधानमन्त्री कार्कीले सरकारले भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा भएका घटनाको छानबिनलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताएकी हुन् ।



पूर्व राष्ट्रपति भण्डारीसँगको भेटमा प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण आफूले जिम्मेवारी सम्हाल्नु परेको कुरा राखेकी थिइन् ।

पूर्वराष्ट्रपति भण्डारीले भदौ २३ र २४ गते भएका घटनाका दोषी पत्ता लगाई सरकारले कारबाहीको दायरामा ल्याउन सक्ने विश्वास व्यक्त गरेकी थिइन् । यस्तै जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीले पूर्वराष्ट्रपति भण्डारीको निजी निवासमा समेत आगजनी गरेको घटनाप्रति प्रधानमन्त्री कार्कीले दुःख व्यक्त गरिन् ।

प्रधानमन्त्री कार्कीले आफू नेतृत्वको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र आगामी फागुन २१ गतेका लागि निर्धारित निर्वाचनलाई बराबरी प्राथमिकता दिएर काम गरिरहेको बताइन् ।

भेटका क्रममा प्रधानमन्त्री कार्की र पूर्वराष्ट्रपति भण्डारी बीच केहीबेर भलाकुसारीका साथै समसामयिक राजनीतिक विषयमा समेत कुराकानी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले पूर्वराष्ट्रपति भण्डारीसमक्ष निर्वाचनको वातावरण निर्माणका लागि आफ्नो ठाउँबाट भूमिका खेलिदिन पनि आग्रह गरेकी थिइन् । पूर्वराष्ट्रपति भण्डारीले पनि अहिलेको परिस्थितिको लोकतान्त्रिक निकास निर्वाचनभन्दा अर्को विकल्प नरहेकाले सबै पक्षले निर्वाचनलाई अर्जुनदृष्टि बनाएर अघि बढ्नुपर्ने धारणा राखिन् । पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्न सक्ने विश्वास व्यक्त गरिन् ।

# जसपा लुम्बिनी प्रदेश अध्यक्षमा पठान चयन

दैनिक समाचारदाता

बुटवल, २१ मंसिर । अशोककुमार राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) ले लुम्बिनी प्रदेश समिति पुनर्गठन गरेको छ ।




कपिलवस्तु जिल्लामा सम्पन्न पार्टीको प्रदेश समिति पुनर्गठन भेलाले अकरम पठानको अध्यक्षतामा ५१ सदस्यीय प्रदेश समिति गठन गरेको हो । पार्टीको नवगठित प्रदेश समितिको उपाध्यक्षमा नेत्रबहादुर थापा, मोहम्मद अस्लम अन्सारी र लालिमा मल्ललाई चयन गरिएको छ ।

त्यसैगरी मुख्य सचिवमा विवेकचन्द्र मिश्र, सचिवहरूमा सुनिल पाठक र सुमित्रा नेपाली तथा कोषाध्यक्षमा मोहम्मद जुनेद कादरी चयन भएका छन् ।

त्यस्तै प्रदेश सदस्यहरूमा राजीव बर्मा, तरन्नम बानु ढपाली, साबित्री गिरी, वाहिद हलुवाई, जकी खान, सगीर खान, अमोद तिवारी, अनिल जयसवाल, नदीम इदरिसी, नसिम पठान लगायत ४२ जना चयन भएका छन् ।

भेलालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष अशोककुमार राईले मुलुक दलहरूबीचको भागबन्डाको राजनीतिले थिलोथिलो भएको बताए । अध्यक्ष राईले अब भागबन्डाको राजनीति अन्त्य हुनुपर्ने बताए ।

पार्टीका महासचिव मोहम्मद इश्तियाक राईले विचार तथा एजेन्डा मिल्ने पार्टीहरूसँग बृहत मोर्चा निर्माण गर्दै निर्वाचनमा जाने बताए ।

# जनकपुरमा प्रदेशस्तरीय लैंगिक समानता मेला



दैनिक समाचारदाता

जनकपुरधाम, २१ मंसिर । आज सोमबारदेखि २३ मंसिरसम्म जनकपुरधाममा लैंगिक समानता मेला आयोजना हुने भएको छ । जनकपुर उपमहानगरपालिका-८ स्थित मिथिला विकास कोष भवनमा आयोजन हुन लागेको मेलामा सिर्जनशीलता, कला, मनोरञ्जनात्मक खेल, संस्कृति तथा प्रविधिमैत्री गतिविधिहरू मार्फत लैंगिक समानताको सन्देश प्रवाह गर्ने उद्देश्य राखिएको छ ।

मधेशको खेलकुद तथा सामाजिक विकास मन्त्रालयको संयोजनमा, नेपाल सरकारका महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गतको ‘लैंगिक हिंसा अन्त्यका लागि पुरुष सञ्जाल’, राष्ट्रिय महिला आयोग, मधेशी आयोगको सहकार्य तथा बेलायत सरकारको आर्थिक सहयोगमा पिपुल इन निड, हामी दाजुभाइ र दिव्य विकास स्रोत केन्द्रको संयुक्त साझेदारीमा मेला आयोजन हुन लागेको हो ।

लैंगिक हिंसा विरुद्धको अभियानलाई थप बलियो बनाउने उद्देश्य सहित समानतामूलक समाज निर्माण गर्ने साझा प्रतिबद्धता विकसित गर्न मेला आयोजना गर्न लागिएको परियोजना व्यवस्थापक समीक्षा खड्काले बताइन् ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाले लैंगिक हिंसासम्बन्धी कानुनी साक्षरताबारे जानकारी दिने बुथ राखी सचेतना फैलाउनेछन् ।

विभिन्न संस्थाहरूले विभिन्न मनोरञ्जनात्मक तथा अन्तरक्रियात्मक गतिविधि गर्ने जनाइएको छ ।

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५ | जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८२ मंसिर २२ गते सोमवार [08 Dec. 2025] | समाचार दैनिक

# पोखरा विमानस्थल भ्रष्टाचारमा ५५ जना प्रतिवादी

**पाँच पूर्वमन्त्रीविरुद्ध भ्रष्टाचार मुद्दा :** पूर्वमन्त्री डा. रामशरण महत, स्व. पोष्टबहादुर बोगटी (उनको हकमा श्रीमती र ाममाया बोगटी), रामकुमार श्रेष्ठ, दीपक अमात्य, भीम आचार्यलगायलाई विपक्षी बनाइएको छ ।

दैनिक समाचारदाता
काठमाडौं, २१ मंसिर । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा व्यापक अनियमितता भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ८ अर्ब ३६ करोड ७३ लाख रुपैयाँ बिगो दाबीका साथ विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आइतबार दर्ता गरिएको मुद्दामा तत्कालीन मन्त्रीदेखि प्राविधिक तथा प्रशासनिक कर्मचारीसमेत गरी ५५ जना र एक कम्पनीलाई प्रतिवादी बनाइएको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए । मुद्दामा तत्कालीन अर्थमन्त्री डा. रामशरण महत, स्व. पोष्टबहादुर बोगटी (उनको हकमा श्रीमती राममाया बोगटी), रामकुमार श्रेष्ठ, दीपक अमात्य, भीम आचार्यलगायत पूर्व




मन्त्रीहरूलाई विपक्षी बनाइएको छ । त्यस्तै, पूर्व सचिवहरू सुमनप्रसाद शर्मा, भेषराज शर्मा, रञ्जनकृष्ण अर्याल, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, सुरेश आचार्यसहित मन्त्रालय तथा प्राधिकरणका उच्च पदाधिकारीहरू पनि प्रतिवादी छन् ।
नागरिक उययन प्राधिकरणका तत्कालीन तथा हाल निलम्बनमा रहेको महानिर्देशक प्रदीप अधिकारीसहित प्राधिकरणका पूर्व महानिर्देशक, उप-महानिर्देशक, निर्देशक, प्रबन्धकलगायत दर्जनौं कर्मचारी मुद्दामा तानिएका छन्। चीनको CAMC Engineering Co. Ltd र कम्पनीका पदाधिकारीहरूलाई समेत प्रतिवादी बनाइएको आयोगले जनाएको छ।
विघटित प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले पोखरा विमानस्थलमा आर्थिक अनियमितता भएको निष्कर्ष निकाल्दै विस्तृत अनुसन्धानका लागि फाइल अख्तियारलाई पठाएको थियो। सहुलियतपूर्ण चिनियाँ ऋणमा बनेको यो विमानस्थलको प्रक्रिया तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको कार्यकालमा सुरु भएको हो। पछि प्रधानमन्त्री सुशील कोइरालाको सरकारकालमा भएका आर्थिक निर्णयका कारण अर्थमन्त्री डा. महतसमेत मुद्दामा परेका हुन्। २०७९ सालको प्रतिनिधिसभा चुनावपछि गठन भएको सरकारले पुस १७ गते विमानस्थल उद्घाटन गरेको थियो। अब विशेष अदालतमा दायर मुद्दाले देशकै चर्चित राष्ट्रिय परियोजनाको पारदर्शिता र निर्णय प्रक्रियामाथि गम्भीर प्रश्न उठाइदिएको छ।

# देशको अगाडि धेरै चुनौती खडा भएको छ : दाहाल



दैनिक समाचारदाता
काठमाडौं, २१ मंसिर । राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले अहिले देशको अगाडि धेरै चुनौतीहरू खडा भएको बताएका छन् ।

संसद् सेवा दिवसको अवसर पारेर आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले देशमा धेरै समस्या खडा भएको उल्लेख गरे । त्यसलाई पार लगाउने जिम्मेवारी पूरा गर्न गम्भीर भएर लाग्नुपर्ने समेत उनको भनाइ थियो ।

अध्यक्ष दाहालले संघीय संसद देशको मुख्य अंकमध्ये एक भएकाले यसले मुलुकको समस्यालाई हेरेर मात्रै बस्न नमिल्ने उनले बताए ।

'अहिले देशको अगाडि नै धेरै चुनौतिहरू खडा भएका छन् । यसलाई पार लगाउने जिम्मा पनि हामी हाम्रो ठाउँमा छौं । यो राज्यको मुख्य अंग भएकाले यसले गर्नुपर्ने धेरै जिम्मेवारीहरू छन् । यस जिम्मेवारीबाट पन्छिन हुन्न । यसलाई हार्दिकताका साथ स्वीकार गरेर अगाडि बढ्ने प्रेरणा मिलिराखोस्,' उनले भने ।

उनले हरेक समस्या समाधानका लागि संघीय संसद् सचिवालयले एकतावद्ध भएर सामना गर्दै अघि बढ्नुपर्ने बताए । 'जिम्मेवारीबोध भन्ने कुरा ठूलो र सानो हुँदैन । हामीले जहाँ जति जिम्मेवारी लिएका छौं, त्यसलाई पूरा गर्नसके सामान्य कर्मचारी पनि ठूलो बन्न पुग्छ । हामी ठूलो कुर्सीमा बसेकार जिम्मेवारी पूरा गर्न सकेनौ भने त्यो ठूलो हुन्छ भन्ने मलाई लाग्दैन,' दाहालले भने ।

## जसपा......

विशेष क्षेत्रको निर्धारण, भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शिता , भ्रष्टाचारीहरुलाई कानन बमोजिम कारबाही गर्नु पर्ने लगायतको मागहरू पनि जसपा नेपालको रहेको अध्यक्ष रायले बताउनुभयो । त्यसैगरी शिक्षा र स्वास्थ्य सेवामा माफिया र व्यापारीकरण बन्द गर्नु पर्ने, समान एवं व्यवसायीक गुणात्मक शिक्षा, स्वास्थ्य सेवा र रोजगारीको व्यवस्था गर्नु पर्ने,.विपन्न वर्ग तथा दलित र महिलाहरूका लागि निःशुल्क शिक्षा, प्राविधिक तालिम र रोजगारीको व्यवस्था गर्नुपर्ने, विगतका आन्दोलनको बेला गठन गरिएका न्यायिक छानबिन आयोगहरूको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, राजनितीक नियुक्तिहरूमा भागबण्डा अन्त्य गर्नुपर्ने, योग्यता, क्षमता, अनुभव र योगदानको आधारमा समानुपातिक समावेशी हुने नियुक्तिको व्यवस्था गर्नु पर्ने, गरिब, असहाय, भूमिहीन, सुकुम्वासी, किसान र मजदुरको समस्या समाधान गर्नुपर्ने, वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरूलाई आफ्नै जिल्लामा बासको व्यवस्था गर्नु पर्ने, सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कामकाजी भाषामा बहुभाषिक नीतिको कार्यान्वयन गर्नु पर्ने, शिक्षण माध्यम भाषाको रूपमा बहुभाषिक नीतिको कार्यान्वयन गर्नु पर्ने, युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई पुँजी र तालिमको व्यवस्था गर्नु पर्ने, युवालाई रोजगार व्यवस्था नहुन्जेलसम्म वेरोजगारी भत्ताको व्यवस्था , प्रदेश प्रहरी, प्रदेश कर्मचारी, प्रदेश कानुन लगायतको व्यवस्था, समावेशी लोकतन्त्र र सामाजिक न्याय कार्य गर्नका लागि आवश्यक कानुन निर्माण, वैज्ञानिक भू(उपयोग नीति लागु गरी कृषि क्रान्तिको माध्यमवाट कृषिको व्यवसायीकरण, अत्यन्त गरिब र विपन्न वर्गका लागि सस्तो दरमा खाद्यान्न उपलब्ध गराउन रासन कार्डको व्यवस्था र ऐतिहासिक मधेश जनविद्रोह जनआन्दोलन तथा थरूहट लगायतका आन्दोलनकारीहरू माथि लगाइएका मुद्दाहरू खारेज गरी राजबन्दीहरूलाई रिहाई गर्नु पर्ने माग समेत जसपा नेपालको रहेको उहाँले बताउनुभयो । हाम्रो मागहरू तत्काल पुरा गर्न गराउन शुक्रबार र आइतबार दुई दिने धर्ना कार्यक्रम आयोजना गरिएको जसपा नेपाल महोत्तरी अध्यक्ष रायले बताउनुभयो ।

# हेटौंडा सडक विस्तार कार्य तत्कालका लागि स्थगित

दैनिक समाचारदाता
हेटौंडा, २१ मंसिर । सडक डिभिजन हेटौंडाले बजारको मुख्य सडक विस्तार कार्य तत्कालका लागि स्थगित गरेको छ ।
हेटौंडा उपमहानगरभित्र पर्ने राष्ट्रिय लोकमार्गहरूको सडक सीमा संरक्षण कार्यक्रम, २०८२ लाई सर्वोच्च अदालतको उत्प्रेषण आदेशका कारण स्थगित गरिएको सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए । सडक डिभिजनले शनिबार एकैदिन करिब ५०० वटा घर भत्काएको थियो ।
भत्काइएको घरबाट सामन निकाल्न दुई दिनको समय दिइएको उनले बताए ।
'सडक सीमा संरक्षण अभियानको क्रममा प्रकाशित सूचनाका विरुद्ध केही सरोकारवालाहरूबाट सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन पेसभई सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०८/१९ मा जारी उत्प्रेषण आदेश मिति २०८२/०८/२१ गते, दिनको १२:४६ मा म्याद तामेल भएकोले सम्मानित अदालतको आदेशलाई सम्मान गर्दै सूचनामा उल्लेख गरिएका कार्यहरू हाललाई स्थगन गरिएको व्यहोरा अनुरोध छ,' डिभिजन प्रमुख अधिकारीले भने ।
सर्वोच्च अदालतले हेटौंडाको सडक विस्तार सम्बन्धी सूचना कार्यान्वयन नगर्न १९ मंसिरमा उत्प्रेषण आदेश दिएको थियो ।
पूर्वप्रतिनिधिसभा सदस्यसमेत रहेकी स्थानीय विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले शुक्रबार सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको हो ।
उनले अन्तरिम आदेश माग गर्दै गत १६ मंसिरमा सडक डिभिजनविरुद्ध रिट दायर गरेकी थिइन ।




सडक डिभिजनले गत ५ मंसिरमा महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज (७५/७५ फिट) विस्तारका लागि भन्दै सडक सीमाभित्रका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिँदै सूचना निकालेको थियो ।
'यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत खुलाइ यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १, ३, ४, ५ र ६ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. २ को हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू,' आदेशमा भनिएको छ ।
अदालतले अन्तरिम आदेश माग भएको सन्दर्भमा विचार गर्दा निवेदकहरूको बसोबास र सम्पत्ति हकको विषय निवेदनमा उठाइ आएकोले विषयवस्तुको प्रकृति हेर्दा अन्तरिम आदेश जारी हुने वा नहुने के हो, दुवै पक्षहरू राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिएको जनाएको छ । छलफलका लागि २६ मंसिरमा पेशी तोकिएको छ ।
'छलफल भई अन्तरिम आदेश जारी हुने नहुने विषय टुंगो नलागेसम्म प्रत्यर्थी संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, सडक डिभिजन हेटौंडा, मकवानपुरको मिति २०८२/०८/०५/ को सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनू,' आदेशमा भनिएको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४